पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ४ पोखरा खण्ड : ५४ प्रमाणित मितिः २०७७ माघ २४ गते

## भाग १

## गण्डकी बहुप्राविधिक शिक्षालय ऐन (पहिलो संशोधन)

## गण्डकी बहुप्राविधिक शिक्षालय ऐन बिधेयक (पहिलो संशोधन)

| सि.नं. | हालको दफा | हालको व्यवस्था | संशोधन तथा थप प्रावधान | संशोधन तथा थप गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १ | | प्रस्तावनाः विपन्न, दलित, उत्पीडित समाजमा पछि परेका बर्गको क्षमता विकाश, सिप तालिमको माध्यम द्वारा सशक्तिकरण गर्दै रोजगार मुलक शिप मार्फत स्वरोजगार र उद्यमशिलताको प्रवर्द्दन गर्न, स्थानीय आवश्यकता अनुसार को प्रविधिको खोज अनुसन्धान र विकासद्वारा पोखरा महानगर पालिकाको दिगो विकास, व्यवस्थित शहरीकरण र नगर समृद्धिको सपनालाई साकार पार्न आवश्यक प्राविधक जनशक्ति, उत्पादन गदै राष्ट्रिय र अन्तरास्ट्रिय स्तर मा प्रतिस्पर्धा गर्न सक्ने युवा जनशक्ति र प्रविधिको विकास गर्न बाञ्छनिय भएकाले,स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिमपोखरा महानगरपालिकाको छैठौं नगर सभाले यो ऐन जारी गरेको छ । | प्रस्तावनाः पोखरा महानगरपालिका क्षेत्र भित्र देखापरेको बर्गीय असमानतालाइ कम गर्न पछाडी परेका बर्गको क्षमता बिकास,सीपमुलक तालिमको माध्यमद्वारा दक्ष जनशक्ति उत्पादन गरि स्वरोजगार तुल्याउन, नविनतम प्रविधिको खोज तथा अनुसन्धान गर्न, स्वदेश तथा बिदेशमा प्रतिष्पर्धा गर्नसक्ने दक्ष एबम प्राबिधिक जनशक्तिको बिकास गर्नको लागि साथै शिक्षामा स्थानीय मागबमोजिमका प्राविधिक तथा अप्राविधिक विषयमा समेत गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि पोखरा महानगरपालिका अन्तर्गत "गण्डकी बहुप्राविधिक शिक्षालय" स्थापना गर्न बान्छनीय भएकोले नेपालको संविधानको धारा २२९ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (१) बमोजिम पोखरा महानगरपालिकाको सभाले यो तर्जुमा गरेको छ । | भाषिक शुद्धता |

| | | | | |
|---|---|---|---|---|
| २ | दफा (२) | (घ) "कोष" भन्नाले पोखरा प्राविधि शिक्षालयको कोषलाई बुझ्नुपर्दछ । | (घ) "कोष" भन्नाले गण्डकी बहुप्राबिधिक शिक्षालयको कोषलाई सम्झनु पर्दछ । | भाषिक शुद्धता |
| ३ | दफा (२) | ठ) "प्रशिक्षक" तथा "कर्मचारी" भन्नाले गण्डकी वहुप्राविधिक प्राविधिक शिक्षालयमा नियुक्ति पाई कार्यरत शिक्षक कर्मचारीलाई संझनु पर्दछ । | ठ) "प्रशिक्षक तथा "कर्मचारी भन्नाले गण्डकी बहुप्राबिधिक शिक्षालयमा नियुक्ति पाई कार्यरत शिक्षक तथा कर्मचारीलाई सम्झनु पर्दछ । | भाषिक शुद्धता |
| ४ | दफा (३) | (३) शिक्षालयको स्थापनाको उद्देश्य : प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमलाई प्रबर्द्दन गर्दै स्थानिय स्तरमै निम्न मध्यम स्तरीय प्राविधिक दक्ष जनशक्ति उत्पादन गरी सक्षम आत्मनिर्भर तथा स्वाबलम्वि जनशक्तिको तयार गरी स्थानिय स्तरमै उद्धमशिलताको प्रवर्द्दन गर्न पोखरा प्राबिधिक शिक्षालयको स्थापना गरिएको छ । | (३) शिक्षालय स्थापनाको उद्देश्य : प्राबिधिक शिक्षा तथाब्यबसायीक तालिमको माध्यम बाट स्थानीय स्तरमै निम्न मध्यम स्तरीय प्राबिधिक दक्ष जनशक्तिको उत्पादन गरि स्थानीय स्तरमै उद्यम शीलताको प्रबर्दन एबम स्वरोजगारी सिर्जना गर्नका साथै शिक्षामा स्थानीय माग बमोजिमका प्राविधिक तथा अप्राविधिक विषयमा समेत गुणस्तरीय शिक्षा प्रदान गर्नु "गण्डकी बहुप्रबिधिक शिक्षालय" स्थापनाको उद्देश्य रहेको छ । | |
| ६ | दफा (५) | (१) शिक्षालयको सम्पुर्ण नीति निर्माण तथा काम कारवाहीको संचालन, रेखदेख तथा प्रवन्ध गर्नका लागि एउटा शिक्षालय संचालन समिति गठन गरिनेछ । | (१) शिक्षालयको नीति निर्माण, काम कारवाहीको संचालन, रेखदेख तथा प्रबन्ध गर्नका लागि एक संचालक समिति गठन गरिने छ । | भाषिक शुद्धता |

| | | | | |
|---|---|---|---|---|
| ७ | दफा(५) | | उपदफा (४) को दोश्रो हरफमा उल्लेखित "सकिने " भन्ने शब्दको सट्टा "सक्ने" भन्ने शब्द कायम गरिएको छ । | समयानुकुल आवश्यक |
| ८ | दफा(५) | (५) शिक्षालय सञ्चालनको लागि सञ्चालन समितिले आवश्यक ठानेमा आवश्यक समिति तथा उप समितिहरु गठन गर्न सकिने छ । | (५) शिक्षालय सञ्चालनको लागि संचालक समितिले आवश्यक ठानेमा आवश्यक समिति तथा उप समितिहरु गठन गर्न सक्ने छ । | भाषिक शुद्धता |
| ९ | दफा(६) | (१) अध्यक्षको अनुमति लिई सदस्य सचीवले बैठकमा पेश गरिने प्रस्ताव, मिति, समय र स्थानमा संचालक समितिको बैठक बस्नेछ । | (१) अध्यक्षको स्वीकृति लिइ सदस्य सचिवले तोकेको मिति, समय र स्थानमा संचालक समितिको बैठक बस्ने छ ।<br>"स्पष्टिकरण : उपदफा (१)बमोजिम बस्ने बैठकमा पेस हुने प्रस्ताब अध्यक्षको स्वीकृतिमा सदस्य सचिवले तयार गर्नेछन । | भाषिक शुद्धता |
| १० | दफा(६) | | उपदफा (३) मा देहाय बमोजिम "स्पष्टिकरण"थप गरि देहाय बमोजिम कायम गरिएको छ :-<br>स्पष्टिकरण : महानगर पालिकाको कार्यपालिकाको सदस्य भन्नाले यस ऐनको दफा (५) को खण्ड (ख) बमोजिमको सदस्य लाइ जनाउनेछ । | समयानुकुल आवश्यक |

| | | | | |
|---|---|---|---|---|
| ११ | दफा(६) | (६) शिक्षालय संचालक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि व्यवस्थापन समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ । | (६) शिक्षालय संचालक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि संचालक समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ । | भाषिक शुद्धता |
| १२ | दफा(७) | (६) शिक्षालय संचालनका लागि ब्यवस्थापन समितिको उचित सुझाव, सल्लाह र शिफारिसहरु लिने र कार्यान्वयन गर्न आवश्यक निर्देशन दिने । | (६) शिक्षालय संचालनका बखत बिभिन्न माध्यमबाट प्राप्त उचित राय, सुझाव, परामर्श तथा प्रदेश र संघिय तहबाट प्राप्त सिफारिस हरू कार्यान्वयनको लागि निर्देशन दिने । | भाषिक शुद्धता |
| १३ | दफा(८) | परिच्छेद ४<br>**“संगठन संरचना, पद ब्यवस्था एवं नियुक्ति”** | “संगठन संरचना,दरबन्दी तथा पदपूर्ति सम्बन्धि ब्यबस्था“ | भाषिक शुद्धता |
| १४ | दफा(८) | (१) शिक्षालयमा रहने प्रशिक्षक तथा कर्मचारीहरुको स्थायी, अस्थायी र करार वा अन्य दर वन्दीहरु महानगरपालिकावाट अनुमोदन गराई र दरवन्दी अनुसारको पदपुर्ति यस ऐनले स्पष्ट निर्दिष्ट गरेको खण्डमा बाहेक आवस्यकता अनुसार संचालक समितिले गर्नेछ । | (१) शिक्षालयमा रहने निर्देशक सहित प्रशासनिक र प्राबिधिक कर्मचारीह(रुको दरबन्दी, पदनाम र तह महानगरपालिकाबाट स्वीकृत भए बमोजिम हुनेछ । | भाषिक शुद्धता |
| १५ | दफा(८) | | (२) उपदफा (१) बमो जिम शिक्षालयका कर्मचार िहरुको पदपूर्ति संचालक समितिबाट स्वीकृत बिधि बमोजिम हुनेछ । संचय कोष एव अवकाश सम्बि(न्ध व्यवस्था संचालक समितिबाट स्वीकृत विधि | समयानुकुल आवश्यक |

| | | | | |
|---|---|---|---|---|
| | | | बमोजिम हुनेछ । | |
| १६ | दफा(१०) | १) शिक्षालय संचालक समितिको सिफारिसमा पोखरा महानगरपालिका शैक्षिक प्रशासन महाशाखाले बढिमा तिन वर्षको लागि शिक्षालय निर्देशकको नियुक्ति गर्नेछ । | १) शिक्षालय संचालक समितिको सिफारिसमा पोखरा महानगरपालिकाले शिक्षालय निर्देशकको नियुक्ति गर्नेछ । शिक्षालय निर्देशकको कार्यकाल पाच बर्षको हुनेछ । | भाषिक शुद्धता/ समयानुकुल आवश्यक |
| १७ | दफा(१०) | (२) शिक्षालय संचालक समितिले आवस्यक परेमा शिक्षालय प्रमुख नियुक्तिका लागि सिफारिस गर्न छनौट समिति गठन गर्न सक्नेछ । यसरी गठन गरिएको समितिले योग्य ब्यक्तिहरुको छनौट गरी ३ जनाको नाम पोखरा महानगर पालिका शैक्षिक प्रशासन महाशाखामा सिफारिस गर्न सक्नेछ । पोखरा महानगर पालिका शैक्षिक प्रशासन महाशाखाले सिफारिस गरिएका मध्ये एकजनालाई शिक्षालय प्रमुख नियुक्ति गर्नेछ । | (२) शिक्षालय संचालक समितिले आवस्यक परे मा शिक्षालय निर्देशक नियुक्तिका लागि सिफारिस गर्न छनौट समिति गठन गर्न सक्नेछ । यसरी गठन गरिएको समितिले योग्य ब्यक्तिहरुको छनौट गरी ३ जनाको नाम पोखरा महानगरपालिकामा सिफारिस गर्न सक्नेछ । पोखरा महानगरपालिकाले सिफारिस गरिएका मध्ये एकजनालाई शिक्षालय निर्देशक नियुक्ति गर्नेछ । | भाषिक शुद्धता |
| १८ | दफा(११) | २) ब्यवस्थापन समितिको सल्लाह र सिफारिसमा वार्षिक कार्यक्रम र बजेट तयार गरी संचालक समितिको सिफारिसमा महानगरपालिकामा निणायार्रथ पेश गर्ने । | २) शिक्षालयको बार्षिक कार्यक्रम र बजेट तयार गरि संचालक समितिको सिफारिसमा स्वीकृतिको लागि महानगरपालिकामा पेश गर्ने । | भाषिक शुद्धता |
| १९ | दफा(१५) | (१)छात्रवृती सम्बन्धि सम्पुर्ण ब्यवस्था परिषद्द्वारा निर्दृष्ट मान्यता र विद्यालय संचालक समितिद्धारा तोकिए बमोजिम हुनेछ । | (१५) छात्रवृत्ति : छात्रवृत्ति सम्बन्धि सम्पूर्ण ब्यबस्था शिक्षा पषिद्द्वा निधीत मापदण्ड विधि, प्रक्रिया बमोजिम हुनेछ । | भाषिक शुद्धता |

| | | | | |
|---|---|---|---|---|
| २० | दफा(१६) | (१) शिक्षालयमा प्रवेशिका परीक्षा उतिर्ण गरी कम्तीमा तीन वर्ष अध्ययन गरेका विद्यार्थीलाई शिक्षालय द्वारा प्रदान गरिएको प्रमाणपत्र विश्वविद्यालय वा अन्य शैक्षिक संस्थाको प्रवीणता प्रमाणपत्र सरह हुनेछ । | (१) शिक्षालयमा प्रवे शिका परीक्षा उतिर्ण गरी कम्तीमा तीन वर्ष अध्ययन गरेका विद्यार्थीलाई शिक्षालय द्वारा प्रदान गरिएको प्रमाणपत्र विश्वविद्यालय वा अन्य शैक्षिक संस्थाको प्रवीणता प्रमाणपत्र सरह हुनेछ । शिक्षालयमा अन्य बिस्वबिद्यालयको अनुमतिमा स्नातक को र्ष संचालन भएको हकमा शिक्षालयबाट प्रदान गरिने प्रमाणपत्र विश्वविद्यालयको नियमानुसार स्नातक तह वा सो सरहको हुनेछ । | |
| २१ | दफा(१७) | १७.आर्थिक स्रोत जुटाउने अधिकारः(१) शिक्षालयले आफ्नो काम सुचारु रूपले सञ्चालन गर्नको लागि आवश्यक पने रकमको लागि महानगर पालिकाको पूर्व स्वीकृति लिई ऋण लिन, अनुदान प्राप्त गर्न वा अन्य कुनै किसिमबाट आर्थिक स्रोत जुटाउन सक्नेछ । | (१७) अनुदान वा ऋण लिन सक्ने : शिक्षालयले आफ्नो उद्देश्य परिपूर्तिको लागि महानगरपालिकाको पूर्व स्वीकृति लिइ स्वदेशी वा बिदेशी संघ,संस्था वा दात्री निकायबाट ऋणलिन वा अनुदान प्राप्त गर्न सक्नेछ । | भाषिक शुद्धता |
| २२ | दफा(१८) | (१शिक्षालयले आवश्यकतानुसार कर्मचारीहरूको नियुक्ति गर्न सक्नेछ । कर्मचारी व्यवस्थापन गर्दा महानगर नगर सभा बाट स्विकृत संगठन संरचना अनुरुप गराउनु पर्नेछ । | (१) शिक्षालयले आवश्यकतानुसार कर्मचारीहरूको नियुक्ति गर्न सक्नेछ । कर्मचारी व्यवस्थापन गर्दा महानगर पालिकाको नगर सभा बाट स्वीकृत संगठन संरचना तथा दरबन्दी बमोजिम गर्नु पर्नेछ । | भाषिक शुद्धता |

| | | | | |
|---|---|---|---|---|
| २३ | दफा(१९) | (२) शिक्षालयका भिन्दाभिन्दै संचालन खाता, शिक्षालय आर्जन खाता, र धरौटि खाता संचालित हुनेछन्। | "(२) उपदफा (१) बमोजिमको शिक्षालयको कोषमा रहने रकमहरुको परिचालन गर्न शिक्षालयले महानगरपालिका क्षेत्र भित्रको कुनै बाणिज्य बैंकमा देहायबमोजिमका खाताहरु खोलि ती रकमहरु सम्बन्धित खातामा जम्मा गर्नु पर्नेछ :-<br>(क) आम्दानि खाता<br>(ख) खर्च खाता<br>(ग) धरौटी खाता<br>(घ)अवकाश कोष संचालन खाता | भाषिक शुद्धता |
| २४ | दफा(१९) | (३)शिक्षालयका खाताहरुको संचालन शिक्षालय निर्देशक र शिक्षालयको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ । शिक्षालयमा स्थायी लेखा प्रमुख व्यवस्था नभएको हकमा पोखरा महानगरपालिका शिक्षा महाशाखाबाट व्यवस्था भए बमोजिम हुनेछ । | (३)शिक्षालयका खाताहरुको संचालन शिक्षालय निर्देशक र शिक्षालयको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ । | भाषिक शुद्धता |
| २६ | दफा(१९) | | (४)उपदफा(३ बमोजिमको खाता संचालन शिक्षालयमा स्थायी लेखा प्रमुखको ब्यबस्था नभएसम्म शिक्षालय संचालक समितिको सिफारिसमा महानगरपालिका ले ब्यबस्था गरे बमोजिम हुनेछ । | समयानुकुल आवश्यक |
| २६ | दफा(२२) | | (१) सम्बन्धन लिन सक्ने : | समयानुकुल आवश्यक |

| | | | | |
|---|---|---|---|---|
| | | | (१) सम्बन्धन लिन सक्ने : पोखरा महानगरपालिकाले बिस्व बिद्यालयहरु संगको साझेदारीमा शिक्षालयमा संचालन गर्ने गरि बिस्वबिद्यालयले तोकेबमोजिम प्रक्रिया पुरा गरि स्नातक तह सम्मको प्राविधिक तथा अप्राविधिक बिषय समेतको सम्बन्धन लिई कक्षा संचालन गर्न सक्नेछ । | समयानुकुल आवश्यक |

**मिति : २०७७ फागुन ६ गते**

**आज्ञाले**
**प्रमुख प्रशासकीय अधिकृत**